चौतारा साँगाचोकगढी नगरपालिका
Chautara Sangachokgadhi Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
चौतारा, सिन्धुपाल्चोक Chautara, Sindhupalchok
२०७३ 2073
बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal

पत्र संख्या (Letter No.) : २०८२/०८३
चलानी नं. (Dispatch No.) :

## फोहरमैला संकलन तथा व्यवस्थापन कार्यका लागि शिलबन्दी आर्थिक प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना।

आय ठेक्का नं. ३

मिति : २०८२/०५/०९ गते, ने.सं. ११४५ ञलाथ्व द्वितीया

यस चौतारा साँगाचोकगढी नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ र २०८३/०८४ मा यस नगरपालिकाको क्षेत्र भित्र फोहरमैला संकलन तथा व्यवस्थापन कार्य नियमानुसार दर्ता भएको फर्म/कम्पनी/गैरसरकारी संस्था/सहकारी/सामुदायिक संस्थाहरु मार्फत् गर्नुपर्ने भएको हुँदा ईच्छुक फर्म/कम्पनी/गैरसरकारी संस्था/सहकारी/सामुदायिक संस्थाहरुले उक्त फोहरमैला संकलन तथा व्यवस्थापन कार्य गर्ने प्रयोजनार्थ यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र देहाय बमोजिमको आवश्यक कागजातहरु सहित शिलबन्दी आर्थिक प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगी वा म्याद नाघी पेश हुन आएका प्रस्तावहरु उपर कुनै कार्यवाही नहुने समेत जानकारी गराइन्छ।

**खण्ड (क) : प्रकृया**

१. कुनै प्राइभेट फर्म/कम्पनी/गैरसरकारी संस्था/सहकारी/सामुदायिक संस्थाले यस सूचना बमोजिम नगरपालिकामा फोहरमैला कार्य गर्न चाहेमा आफ्नो विधानमा फोहरमैला व्यवस्थापन गर्ने उद्देश्य रहेको हुनुपर्नेछ।
२. बुँदा नं. १ बमोजिम उद्देश्य भएका फर्म/कम्पनी/गैरसरकारी संस्था/सहकारी/सामुदायिक संस्थाहरुले फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा १३ बमोजिम अनुमतिको लागि निवेदन दिनुपर्नेछ। अनुमति शुल्क रु. ५००।- (पाँच सय) लाग्नेछ।
३. बुँदा नं. २ बमोजिम अनुमति प्राप्त फर्म/कम्पनी/गैरसरकारी संस्था/सहकारी/सामुदायिक संस्थाबीच मात्र फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा १५ बमोजिम प्रतिस्पर्धा गराई फोहरमैला संकलन तथा व्यवस्थापन कार्य गराइनेछ।
४. बुँदा नं. २ अनुसारको अनुमति नपाएका संस्थाहरुको प्रस्ताव मुल्याङ्कन गरिनेछैन।

**खण्ड (ख) : बोलपत्र साथ संलग्न हुनुपर्ने कागजातहरु**

१. निवेदन।
२. फर्म/कम्पनी/गैरसरकारी संस्था/सहकारी/सामुदायिक संस्था दर्ता प्रमाण-पत्रको प्रतिलिपि र उद्देश्य खुल्ने दस्तावेज।
३. VAT/PAN दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि।
४. आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि।
५. नगरपालिका भित्रका फर्म/कम्पनी/गैरसरकारी संस्था/सहकारी/सामुदायिक संस्थाले नगरपालिकामा बुझाउनुपर्ने व्यवसाय कर वा दर्ता/नवीकरण/सूचीकृत शुल्क वा संघ संस्था दर्ता/नवीकरण/सूचीकृत शुल्क बुझाएको प्रमाणित कागजपत्र।

वैकुण्ठ प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

६. शिलवन्दी आर्थिक प्रस्ताव: आर्थिक प्रस्तावमा नगरपालिकालाई बुझाउन कवोल गरेको दस्तुर स्पष्ट रुपमा अंक र अक्षरमा लेखेको हुनुपर्नेछ। यस प्रकारको दस्तुर न्यूनतम वार्षिक रु. १ लाख २० हजार हुनेछ। यस दस्तुरबाट बढाबढमा सबैभन्दा बढी कबोल गर्ने फर्म/कम्पनी/गैरसरकारी संस्था/सहकारी/सामुदायिक संस्थासँग सम्झौता हुनेछ। अंक र अक्षरमा फरक भएमा जुन बढी उल्लेख भएको छ सोही रकम कायम हुनेछ।

**खण्ड (ग) : बोलपत्रमा अनिवार्य समावेश हुनुपर्ने विषयहरु**

१. ट्रिपर-१
२. ट्रिपर चालक-१ जना, सहयोगी-१ जना
३. सरसफाई कर्मचारी- ३ जना
४. सवारीको हकमा आफ्नै स्वामित्व भएको वा सवारी धनीसँग सम्झौता गरेको वडा कार्यालयबाट प्रमाणित कागजपत्रहरु पेश गर्नुपर्नेछ।
५. जनशक्तिको सन्दर्भमा नियुक्ती-पत्र वा सम्झौता पत्र पेश गरेको हुनुपर्नेछ। साथै कर्मचारीको नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि संलग्न हुनुपर्नेछ।

खण्ड (घ) : छनौट भएको फर्म/कम्पनी/गैरसरकारी संस्था/सहकारी/सामुदायिक संस्थासँग सम्झौता हुँदा फोहर संकलन, ढुवानी र विसर्जनको विषय खुलाइनेछ।

खण्ड (ङ) : छनौट भएको फर्म/कम्पनी/गैरसरकारी संस्था/सहकारी/सामुदायिक संस्थाले नगरपालिकाको आर्थिक ऐन, २०८२ को अनुसूची १ भ (अ) मा उल्लेख भएको रकममा नबढ्ने गरी सेवा शुल्क लिन सक्नेछ।

खण्ड (च) : यो सूचना अनुसार फोहरमैला संकलन तथा व्यवस्थापन अन्तर्गत फोहरको संकलन, ढुवानी र डम्पिङ्ग साइटमा विसर्जनको लागि मात्र हुनेछ।

खण्ड (छ) : सिलबन्दी आर्थिक प्रस्ताव फाराम दस्तुर रु. १,०००।- (एक हजार) लाग्नेछ। उक्त रकम नगरपालिकाको आन्तरिक राजश्व खाता नं. ०५७०३०००००१००१००००००१ जम्मा गर्नुपर्नेछ वा नगरपालिका कार्यालय अन्तर्गत राजश्व शाखामा बुझाउन सकिनेछ।

खण्ड (ज) : यो सूचना अनुसार फोहरमैलाको व्यवस्थापन कार्य गर्ने छनौट हुने फर्म/कम्पनी/गैरसरकारी संस्था/सहकारी/सामुदायिक संस्थाले यस नगरपालिकाको नेपाल बैंक लि. मा रहेको आन्तरिक राजश्व खाता नं. ०५७०३०००००१००१००००००१ मा आर्थिक वर्ष २०८२/०८३ को लागि कबोल गरेको रकममा भ्याट रकम थप गरी जम्मा हुन आउने कुल रकम सम्झौता गर्नु अघि यस नगरपालिका कार्यालयमा अग्रिम रुपमा जम्मा गर्नुपर्नेछ र आगामी आ.व. २०८३/०८४ को हकमा कबोल गरेको रकममा १० प्रतिशत रकम थप गरी सोको भ्याट रकम सहित जम्मा हुन आउने कुल रकम उल्लेखित खातामा २०८३ श्रावण ०७ गते भित्र जम्मा गर्नुपर्नेछ। यसरी रकम जम्मा गरे पश्चात् सम्झौता नविकरण गरी उक्त आ.व.को लागि कार्यादेश दिइनेछ। तर कार्यसम्पादन राम्रो नभएमा नगरपालिकाले सम्झौता रद्ध गर्न सक्नेछ।

खण्ड (झ): कार्य सन्तोषजनक नभई सम्झौता रद्ध गर्दा उक्त फर्म/कम्पनी/गैरसरकारी संस्था/सहकारी/सामुदायिक संस्थाले खण्ड (छ) बमोजिम जम्मा भएको रकमबाट कार्यालयलाई भएको क्षति वापत् सरकारी बाँकी सरह असूल उपर गरिनेछ। कुनै हर्जना दावी गर्न पाइनेछैन।

प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

पत्र संख्या (Letter No.) : २०८२।०८३
चलानी नं. (Dispatch No.) :

खण्ड (ञ) : खण्ड (छ) बमोजिम सम्झौता रद्द भएका फर्म/कम्पनी/गैरसरकारी संस्था/सहकारी/सामुदायिक संस्थालाई कालो सूचीमा राख्न लेखि पठाइनेछ। यस प्रकारका संस्थाहरुको सन्दर्भमा नगरबाट प्रदान गरिने अनुमति पत्र खारेज गरी नगरपालिकाबाट अनुदान तथा कार्यक्रम प्रदान गरिनेछैन।

खण्ड (ट) : नगरपालिकालाई बुझाउनुपर्ने बाँकी बक्यौता भएको वा कालोसूचीमा परेको फर्म/कम्पनी/गैरसरकारी संस्था/सहकारी/सामुदायिक संस्थाको आर्थिक प्रस्ताव स्वीकृत गरिनेछैन।

खण्ड (ठ) : यस सम्बन्धमा कुनै विवाद भएमा नगरपालिका कार्यालयको निर्णय अन्तिम हुनेछ।

.....................................
बैकुण्ठ प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

# चौतारा साँगाचोकगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### चौतारा, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

फाराम शुल्क
रु. १,०००।–

शिर्षकः– चौतारा साँगाचोकगढी नगरपालिका भित्र आ.व. २०८२/०८३ मा नगरपालिका भित्र फोहोर मैला संकलन तथा व्यवस्थापन कार्य ।

आय ठेक्का नं. : ३

**आर्थिक प्रस्तावको फाराम**

---

श्रीमान् प्रमुख प्रशासकिय प्रमुख ज्यू, मिति : ..........................

चौतार सांगाचौकगढी नगरपालिका

चौतारा, सिन्धुपाल्चोक ।

**विषय : आर्थिक प्रस्ताव पेश गरेको बारे ।**

तहाँ कार्यालयको मिति ..........................को फोहोरमैला संकलन तथा व्यवस्थापन कार्यका लागि शिलबन्दी आर्थिक प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना अनुसार म्याद भित्र तोकिए बमोजिमको फाराममा कबोल अङ्क खुलाई देहायको कामको शिलबन्दी आर्थिक प्रस्ताव पेश गरेको छु । कबोल अङ्कको ५% धरौटी (अर्नेष्ट मनी) बापतको रकम त्यस कार्यालयको नेपाल बैंक लि. मा रहेको धरौटी खाता नं. ०५७०३०००००३००००००००१ मा मिति ७५ दिन सम्म म्याद भएको बिड सेक्युरिटी ठेक्का स्वीकृत वा अस्वीकृत भएपछि फिर्ता पाउने गरी रु..............................को सक्कलै बैंक भौचर/बीड बण्ड यसैसाथ संलग्न गरेको छु। अन्य कुरा निम्नानुसार उल्लेख गरेको छु।

---

**चौतारा साँगाचोकगढी नगरपालिका भित्र आर्थिक वर्ष २०८२/०८३ मा फोहोरमैला संकलन तथा व्यवस्थापन कार्यका लागि नगरपालिका कार्यालयमा बुझाउनुपर्ने न्युनतम वार्षिक कबोल अंक मु.अ. कर बाहेक रु. १,२०,०००।– (एक लाख बीस हजार) बाट बढाबढ गरी कबोल अंक (अंक र अक्षरमा)**

| कार्यको विवरण | १ वर्षको कूल कबोल अंक जम्मा (मु.अ. कर बाहेक) | | कबोल अंकको ५% धरौटी रकम (१३%मु.अ. कर सहित) |
|---|---|---|---|
| | अंकमा | अक्षरमा | |
| चौतारा साँगाचोकगढी नगरपालिका भित्र आ.व. २०८२/०८३ र २०८३/०८४ मा फोहोरमैला संकलन तथा व्यवस्थापन कार्य | | | |

संलग्न कागजातहरु :-

१.......................................................

२.......................................................

३.......................................................

४.......................................................

५.......................................................

आर्थिक प्रस्ताव पेश गर्ने

फर्म वा कम्पनीको नामः-

ठेगानाः-

आधिकारिक प्रतिनिधिको नामः-

दस्तखतः-

मितिः-

फर्म वा कम्पनीको छापः-